Sub.Code : 2241

**NEB - GRADE XII**
**2083 (2026)**
**Population Studies**

(रजिस्ट्रेसन नम्बरका सुरुका दुई अङ्क ७९, ८०, ८१ र ८२ भएका नियमित तथा आंशिक परीक्षार्थीहरूका लागि)

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Time: 3 hrs.** **Full Marks: 75**

**सबै प्रश्नको उत्तर दिनुहोस् (Attempt all question)**

**समूह 'क' (Group 'A')**

**(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Very short answer questions) [११×१=११]**

१. अनुकुलतम जनसङ्ख्याको परिभाषा लेख्नुहोस् ।
Write the definition of optimum population.

२. पछिल्लो तथ्याङ्क अनुसार सार्क राष्ट्रहरूमध्ये सबैभन्दा बढी जनसङ्ख्या भएको राष्ट्र कुन हो ?
According to the latest data, which of the SAARC country has the highest population size ?

३. विवाहका कुनै दुईवटा मापकहरू लेख्नुहोस् ।
Write any two measures of marriage.

४. उमेर विशिष्ट मृत्युदरको सुत्र लेख्नुहोस् ।
Write the formula of age specific death rate.

५. कुल जनसङ्ख्या २५,००० भएको कुनै सहरमा ७०० जना मानिसहरू बसाइँ सरी आए भने उक्त सहरको आन्तरिक बसाइँसराइ दर कति होला ?
If 700 people were migrated into any city and the total population of that city was 25,000 then, what would be the in-migration rate of that city ?

६. किशोरावस्थामा प्रजनन स्वास्थ्य शिक्षाको आवश्यकता पर्नुको एक कारण लेख्नुहोस् ।
Write a reason of the need of Reproductive Health Education during adolesence.

७. सुरक्षित यौनिक व्यवहारका लागि कस्तो उपाय उत्तम होला ? एक वाक्यमा मूल्याङ्कन गर्नुहोस् ।
What would be the best way for safe sexual behaviour ? Assess in one sentence.

८. सामान्य विस्तारको सुत्र लेख्नुहोस् ।
Write the formula of simple range.

क्रमश:(Contd...)



९. प्राथमिक र द्वितीय तथ्याङ्कबीच कुनै एक भिन्नता लेख्नुहोस् ।
Write any one difference between primary and secondary data.

१०. अनुसन्धानको महत्त्व किन पर्दछ ? एक वाक्यमा लेख्नुहोस् ।
Why research is important ? Write in one sentence.

११. अनुसन्धान कार्यको योजना छनौट गर्दा ध्यान दिनुपर्ने एक उपाय उल्लेख गर्नुहोस् ।
Mention any one measure to be considered while planning the research work.

**समूह 'ख' (Group 'B')**

**(संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Short answer questions) [८×५=४०]**

१२. माल्थसको जनसङ्ख्या सिद्धान्तका कुनै पाँचवटा आलोचनाहरू लेख्नुहोस् ।
Write any five criticisms of Malthusian theory of population.

१३. कम विकसित राष्ट्रहरूको वर्तमान जनसङ्ख्याको आकार र वृद्धिदर वर्णन गर्नुहोस् ।
Describe the current population size and growth rate of less developed countries.

**अथवा (Or)**

विकसित राष्ट्रहरूको जन्म र मृत्युको प्रवृत्ति व्याख्या गर्नुहोस् ।
Explain the trend of birth and death rate of developed countries.

१४. 'शिक्षाले प्रजननमा प्रभाव पार्दछ ।' यस भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् ।
'Education affects the fertility.' Justify this statement with logic.

१५. कुनै सहरमा वि.सं. २०८० सालमा ३,००० जीवित शिशुहरूको जन्म भएको थियो र सोही वर्षभित्र त्यस सहरमा २५ जना शिशुहरूको एक वर्ष नपुग्दै मृत्यु भयो भने उक्त सहरको शिशु मृत्युदर गणना गर्नुहोस् ।
There were 3,000 infants born in any city in 2080 B.S. Out of them 25 infants were died before reached one year. Calculate the Infant Mortality Rate (IMR) of that city.

१६. विकासमा सामाजिक समावेशीकरण भनेको के हो ? यसका तरिकाहरू लेख्नुहोस् ।
What is social inclusion in development ? Write its ways.

१७. वर्तमान समयमा नेपालको जनसाङ्ख्यिक लाभांशलाई उपयोग गर्ने कुनै पाँचवटा तरिकाहरू पत्ता लगाउनुहोस् ।
Identify any five ways of utilizing demographic dividend of Nepal in current days.

१८. तल दिइएको तथ्याङ्कबाट मध्यिका पत्ता लगाउनुहोस् ।
Calculate the Median from the following data.

| उमेर समूह (Age group) | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 |
|---|---|---|---|---|---|
| कुल जनसङ्ख्या (Total population) | 15 | 20 | 30 | 25 | 10 |

क्रमश:(Contd...)

१९. “बुद्‍यौली जनसङ्ख्याको हेरचाह” सम्बन्धी विषयमा अनुसन्धानको तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिने कुनै पाँच प्रश्नहरूको नमुना तयार पार्नुहोस्।

Prepare any five questions for gathering data to conduct research on the topic of "caring of ageing population."

**समूह ‘ग’ (Group 'C')**

**(विस्तृत उत्तरात्मक प्रश्नहरू/ Long answer questions)** **[३×८=२४]**

२०. अन्तर्राष्ट्रिय बसाइँसराइको परिचय दिई यसका मापनहरू व्याख्या गर्नुहोस्।

Introduce international migration and explain its measures.

२१. नेपालका यौनिक अल्पसङ्ख्यकहरूको जीवनस्तर विश्लेषण गर्नुहोस्।

Analyze the lifestyles of sexual minorities in Nepal.

**अथवा (Or)**

“नेपालको सामाजिक जीवनयापनमा सामाजिक सञ्जालको प्रभाव” सम्बन्धमा आफ्ना विचारहरू उदाहरणसहित प्रस्तुत गर्नुहोस्।

Present your opinions with example about "the impact of social media on Nepalese social lifestyles."

२२. सुरक्षित यौन व्यवहारका लागि तपाईंले खेल्न सक्ने कुनै चारवटा उपायहरूको उदाहरणसहित व्याख्या गर्नुहोस्।

Explain any four measures that you can role for safe sexual behaviour with example.